# रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः ११** **मिति :२०८२/१२/१७ (अतिरिक्तांक)**


भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## महिला सामुदायिक स्वास्थ्य  स्वयंसेविका नागरिक पेन्सन योजना कोष कार्यविधि २०८२

सम्बत २०८२ को कार्यविधि नं. ७ पारित मिति : २०८२-१२-१७

# महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका नागरिक पेन्सन योजना कोष कार्यविधि, २०८२

**कार्यपालिकाबाट परीत मितिः२०८२-१२-१७**

रुरुक्षेत्र गाउँपालिकाभित्र कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) हरूले स्वास्थ्य सेवामा पुर्‍याएको योगदानको कदर गर्दै उनीहरूको सामाजिक तथा आर्थिक सुरक्षा सुनिश्चित गर्न नागरिक लगानी कोष (CIT) अन्तर्गतको नागरिक पेन्सन योजनामा आबद्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो।

## परिच्छेद १

### १. नाम र प्रारम्भ

(१.१) यस कार्यविधिको नाम "रुरुक्षेत्र गाउँपालिका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका नागरिक पेन्सन योजना कार्यविधि, २०८२" रहनेछ।

(१.२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

यस कार्यविधिमा, प्रसङ्गले अन्यथा नबुझेमा–

(क) "गाउँपालिका" भन्नाले रुरुक्षेत्र गाउँपालिका सम्झनुपर्छ।

(ख) "स्वयंसेविका" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले नागरिक लगानी कोष (CIT) सम्झनुपर्छ।

(घ) "पेन्सन योजना" भन्नाले कोषद्वारा सञ्चालित नागरिक पेन्सन योजना,२०७६ लाई सम्झनु पर्छ।

### ३. उद्देश्य

यस कार्यविधिका उद्देश्यहरू देहायबमोजिम रहनेछन्–

(क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भविष्य सुरक्षित गर्नु।

(ख) अवकाश पछिको आर्थिक सुनिश्चितता प्रदान गर्नु।

(ग) स्वयंसेविकाको मनोबल वृद्धि गर्नु ।

परिच्छेद २

## सहभागिता , योजना तथा दायित्व सम्बन्धी ब्यबस्था

### ४. सहभागिता योग्य मापदण्ड

(क) रुरुक्षेत्र गाउँपालिकामा हाल कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ।

(ख) कम्तिमा २ वर्ष सेवा अवधी बाँकीरहेको र कम्तिमा २ बर्ष सम्म बचत हुनुपर्ने ।

(ग) नागरिक लगानी कोषको नियमअनुसार उमेर हदभित्र रहेको ।

### ५. योगदान रकम सम्बन्धी व्यवस्था

(क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको तर्फबाट मासिक योगदान रकम रु. १,००० ।– (अक्षरूपी एक हजार रुपैयाँ मात्र) रहने छ । उक्त रकम स्वयंसेविकाले यातायात खर्च बापत प्राप्त गर्ने रकमबाट नागरिक लगानी कोषमा जम्मा गरिनेछ ।

(ख) रुरुक्षेत्र गाउँपालिकाको तर्फबाट प्रत्येक स्वयंसेविकाका लागि मासिक योगदान रकम रु. १,००० ।– (अक्षरूपी एक हजार रुपैयाँ मात्र) रहनेछ ।

(ग) स्वयंसेविका तथा गाउँपालिकाबाट जम्मा हुने योगदान रकम नागरिक लगानी कोषको प्रचलित नियम, प्रक्रिया तथा समय तालिका अनुसार कट्टा तथा जम्मा गरिनेछ ।

### ६. गाउँपालिकाको दायित्व

(क) स्वयंसेविकाको विवरण संकलन गरी कोषमा पठाउने ।

(ख) समयमै योगदान रकम जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ग) आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

७. स्वयंसेविकाको दायित्व

(क) आवश्यक कागजात उपलब्ध गराउने ।

(ख) तोकिएको योगदान रकम समयमै बुझाउने ।

(ग) कोषका नियम तथा सर्त पालना गर्ने ।

## ८. पेन्सन प्राप्त गर्ने व्यवस्था

(क) कोषको प्रचलित नियम अनुसार अवकाश उमेर पुगेपछि पेन्सन प्राप्त हुनेछ ।

(ख) पेन्सन रकम, अवधि तथा अन्य सुविधा कोषको कार्यविधी अनुसार हुनेछ ।

## परिच्छेद ३

## विविध

## ९. अनुगमन तथा मूल्याङ्कन

यस योजनाको कार्यान्वयन सम्बन्धी अनुगमन गाउँपालिकाले गर्नेछ । आवश्यक परे संशोधन वा सुधार गर्न सकिनेछ ।

## १०. बाधा अड्काउ फुकाउ

(क) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू नागरिक लगानी कोषको प्रचलित ऐन, नियम तथा निर्देशिका अनुसार हुनेछन् ।